# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा, कोशी प्रदेश, नेपाल

कनकाई नगरपालिकाले तोकिदिएको क्षेत्र (बिरिङ्ग नदी) भित्र IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र प्रदेश सरकारबाट तोकिएको दररेट बमोजिमको नदीजन्य सामाग्री (पदार्थ) संकलन तथा बिक्री सम्बन्धी

## बोलपत्र फाराम (Bidding Document)

**सम्झौता संकेत नं.: KANAKAI/IR/2083/84-05**

## जारी मिति: २०८३/०५/१९

Scanned with CamScanner

खण्ड १: बोलपत्र आह्वानको सूचना तथा जानकारी


# कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा, कोशी प्रदेश, नेपाल
फोन: ०२३-४०११५५, इमेल: kanakai.mun@gmail.com


नदीजन्य पदार्थ संकलन र बिक्री सम्बन्धी आन्तरिक आयको

## सिलबन्दी बोलपत्र आह्वानको सूचना

**सूचना प्रकाशित मितिः २०८३/०५/१९**

यस कनकाई नगरपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४, आन्तरिक आयको ठेक्का बन्दोबस्त सम्बन्धी कार्यविधी २०७५ "ढुङ्गा, गिटी बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" साथै कोशी प्रदेश आर्थिक ऐन, २०८३ अनुसार तपशिल कार्यहरुको लागि बोलपत्रको मध्यमबाट योग्य फर्म/कम्पनी छनौट गर्नुपर्ने भएको हुनाले इच्छुक सम्पूर्ण कम्पनी/फर्मको जानकारीको लागि बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएकोछ। बोलपत्र सम्बन्धी मूख्य विवरण तपशील बमोजिम रहेको छः

तपशिलः

| क. स. | सम्झौता संकेत नं.: | कार्य तथा अन्तरिक आय संकलन क्षेत्र | आ.व. २०८३/८४ को लागी न्यूनतम रकम (मु.अ.क. सहित) | बोलपत्र पेश गर्ने अन्तिम मिति तथा समय | बोलपत्र फाराम शुल्क | बोलपत्र को मान्य हुने अवधी | बोलपत्र जमानत रकम (बैंक जमानत वा धरौटी खातामा नगद जम्मा) | बोलपत्र जमानतको मान्य हुने न्यूनतम अवधी |
|---|---|---|---|---|---|---|---|---|
| १. | KANAKAI/IR/ 2083/84-05 | कनकाई नगरपालिकाले तोकिदिएको क्षेत्र (बिरिङ्ग नदी) भित्र IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र प्रदेश सरकारबाट तोकिएको दर रेट बमोजिमको नदीजन्य सामग्री (पदार्थ) संकलन तथा बिक्री | रु. २,०९,५५,६३७.६० (अक्षरेपी दुई करोड नौ लाख पचपन्न हजार छ सय सत्तीस रुपैया साठी पैसा मात्र।) | ९ असोज २०८३, मध्यान्ह १२:०० बजे | रु. ३,००० | ९० दिन | कबोल रकमको न्यूनतम ५ प्रतिशत | १२० दिन |

१. बोलपत्र पेश गर्न इच्छुक बोलपत्रदाताले थप जानकारी लिन यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। बोलपत्र सम्बन्धी कागजात यस कार्यालयबाट तोकिएको मिति कार्यालय समय भित्र उपलब्ध हुनेछ।

२. बोलपत्र कागजातको शुल्क (बोलपत्र दस्तुर) यस नगरपालिकाको राजश्व शाखाबाट जारी भएको भौचर साथ निवेदन पेश गरी मिति २०८३।०६।०८ गते कार्यालय समय भित्रमा बोलपत्र फारम खरिद गरिसक्नु पर्ने छ।

३. इच्छुक बोलपत्रदाताले माथी उल्लेखित मिति र समय भित्र कनकाई नगरपालिकाको कार्यालयमा बोलपत्र खरिदको सक्कलै नगदी रसिद सहित सिलबन्दी बोलपत्र पेश गर्नुपर्नेछ।

४. तोकिएको मिति र समय भित्र प्राप्त भएका बोलपत्र सोहि दिनको **अपरान्ह १:३० बजे** उपस्थित हुन चाहने बोलपत्रदाताका प्रतिनिधिहरुको रोहवरमा यस नगरपालिकाको कार्यालयमा खोलिनेछ तर बोलपत्रदाताका प्रतिनिधिको उपस्थिति नभए पनि प्राप्त भएका बोलपत्रहरु खोल्न कुनै बाधा पर्ने छैन।

५. बोलपत्र खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यस लगत्तै कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ।

६. बोलपत्र साथ माथिको तालिकामा उल्लेख भए बमोजिम बोलपत्र जमानत पेश गर्नु पर्नेछ र उक्त बोलपत्र जमानतको मान्य हुने अवधी बोलपत्रको मान्य हुने अवधी भन्दा कम्तिमा ३० दिन बढीको हुनुपर्नेछ।

मिलित प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

७. बोलपत्रदाताले बोलपत्र जमानत बापत नगदै राख्न चाहेमा यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड, सुरुङ्गा शाखामा रहेको धरौटी खाता नं.:१४७०३०००००३००००[illegible]०१ मा जम्मा गरी बुझिने गरी भौचर सक्कलै पेश गर्नुपर्नेछ ।

८. बोलपत्र फारम जसको नाममा खरिद गरिएको हो सोही कम्पनी/फर्मको नाममा बोलपत्र पेश गर्नुपर्नेछ ।

९. नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय वा अन्य कुनै दातृ संस्थाको सहयोगमा संचालित आयोजनाको हकमा त्यस्तो दातृ संस्थाबाट कुनै बोलपत्रदातालाई कालोसूचीमा राखी बोलपत्र पेश गर्न अयोग्य ठहर भएको भए त्यस्ता बोलपत्रदातालाई नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय वा अन्य कुनै दातृ संस्थाबाट कालोसूचीमा राख्न घोषित अवधिसम्म बोलपत्र पेश गर्न ग्राह्य हुनेछैन ।

१०. बोलपत्र तयारी तथा यस प्रक्रियामा सहभागी हुनुपूर्व कार्यस्थलको सम्पूर्ण जानकारी प्राप्त गर्न बोलपत्रदाताले आफ्नै खर्च, जिम्मेवारी र जोखिममा स्थलगत निरीक्षण गर्न सक्नेछ ।

११. बोलपत्रसंग सम्बन्धित सम्पूर्ण कागजातहरु नेपाली भाषामा हुनेछन ।

**१२. बोलपत्र सम्बन्धी कागजातमा रहेका कुनै बिषयमा स्पष्ट हुन चाहने इच्छुक बोलपत्रदाताले बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति भन्दा पाँच दिन अगावै नगरपालिकामा सम्पर्क गरि प्रष्टीकरण प्राप्त गर्न सक्नेछन् ।**

१३. बोलपत्रदाताले पेश गर्ने बोलपत्रमा निम्न कागजातहरु बुझिने गरी भौचर सहित पेश गर्नुपर्नेछ::

**क. बोलपत्र दाखिला पत्र (Letter of Bid) सहितको बोलपत्र कागजात (Bid Document)**

**ख. कानूनी ग्राह्यता सम्बन्धी कागजातहरु:**

- **सम्बन्धित क्षेत्रमा कार्य गर्ने गरी स्थापना भएको संस्था (फर्म/कम्पनी) दर्ता प्रमाणपत्र नविकरण समेतको प्रतिलिपि पेश गर्नुपर्ने, उद्देश्य खुल्ने कागजातको प्रतिलिपि समेत),**
- **उल्लेखित कार्य गर्न इजाजत आवश्यक पर्ने भए सम्बन्धित निकायबाट जारी इजाजत पत्र नविकरण समेतको प्रतिलिपि,**
- **मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,**
- **आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि,**

**ग. बोलपत्र जमानत (नगद जम्मा वा बैंक जमानत) सक्कलै**

**घ. अख्तियारी पत्र (बोलपत्रमा संचालक बाहेको हस्ताक्षर भएमा)**

**ङ. अंकित मूल्य सूची (कबोल रकम) अनिवार्य**

१४. बोलपत्रमा नमेटिने मसीले लेखिएको र अधिकार प्राप्त व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ । कुनै थपघट, फेरबदल, केरमेट गरिएको वा सच्याइएको स्थानमा सोहि व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ।

१५. पेश भएका बोलपत्रको पूर्णता, ग्राह्यता तथा कबोल रकमको मूल्यांकन गरी सबै भन्दा बढी रकम कबोल गर्ने सारभूत रुपमा प्रभावग्राही बोलपत्र छनौट गरिनेछ ।

१६. बोलपत्रदाताले बोलपत्र फारममा आफुले कबोल गरेको रकम अंक र अक्षर प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । कबोल रकमको अंक र अक्षरमा रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई आधार मानी कूल कबोल रकम गणना गरिनेछ।

१७. सम्झौता गर्नुअघि कुनै पनि समयमा कारण खुलाई वा नखुलाई कुनैपनि बोलपत्र स्वीकार वा अस्वीकार गर्ने वा बोलपत्रको प्रक्रिया रद्ध गर्ने वा सम्पूर्ण बोलपत्र अस्वीकार गर्ने अधिकार नगरपालिका निहित रहनेछ। यसरि रद्ध वा अस्वीकार गर्दा बोलपत्रदताप्रति नगरपालिकाको कुनै दायित्व रहनेछैन ।

१८. नगरपालिकाले बोलपत्र स्वीकृतिको जानकारी **"बोलपत्र स्वीकृत गर्ने आशयको सूचना"** मार्फत स्वीकृत वा छनौट भएको बोलपत्रदातालाई र अन्य सबै सहभागी बोलपत्रदाताहरुलाई पत्र वा इमेल वा सार्वजनिक सूचना मार्फत गराउनेछ ।

१९. **"बोलपत्र स्वीकृत गर्ने आशयको सूचना"** जारी भएको कम्तिमा ७ दिन पश्चात छनौट भएको बोलपत्रदातालाई **"स्वीकृतिपत्र"** वा **"बोलपत्र स्वीकृतिको सूचना"** जारी गरिनेछ।

२०. सम्झौता गर्दाका बखत कबोल रकम नगरपालिकामा एकमुष्ट बुझाउने भएमा कार्यालयले निर्धारण गरेको रकममा नघट्ने गरी कवोल अङ्कमा भ्याट बाहेकको रकममा १० प्रतिशत सम्म छुट गरी बाँकी रकम एकमुस्ट दाखिला गरी सम्झौता गरिनेछ। सम्झौता भए पश्चात कार्यदिश वा चलानपूर्जि जारी भए पश्चात सम्झौता प्रारम्भ भएको मानिनेछ ।

२१. स्वीकृत बोलपत्रदाताले कबोल गरेको रकम किस्ताबन्दिको रुपमा बुझाउन चाहेमा स्विकृत ठेक्का अङ्कको ५० प्रतिशत रकम नगदै बैंक दाखिला गरेको भौचर र बाँकी ५० प्रतिशत रकम र सोको भ्याट बापतको रकम समेत कुल रकमको मान्यता प्राप्त बैङ्कबाट जारी भएको बैङ्क जमानत अनिवार्य पेश गर्नु पर्नेछ। उक्त जमानतको मान्य हुने अवधि सम्झौता अवधि भन्दा कम्तिमा ३० दिन बढी सम्मको हुनुपर्नेछ। यस्तो अवस्थामा कबोल रकमको १० प्रतिशत सम्मको छुट प्रदान गरिने छैन ।

२२. प्रस्तावित कार्यको निमित्त छनौट भएको बोलपत्रदाता बोलपत्र प्रक्रियाको प्रतिस्पर्धामा सहभागी हुँदा कुनै किसिमको भ्रष्टाचार वा जालसाजीजन्य कार्यमा संलग्न भएको ठहरिएमा वा नगरपालिकालाई रकम बुझाउनु बाँकी बक्यौता भएको ठहरिएमा नगरपालिकाले त्यस्तो बोलपत्रदातासँग खरिद सम्झौता गर्न अस्विकार गर्नेछ।

२३. वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम तोकिएको क्षेत्र एवं परिमाणमा मात्र उत्खनन् गर्न पाइनेछ ।

२४. सम्झौता पूर्व कार्यालयले स्वीकृत बोलपत्रदातालाई उत्खनन् क्षेत्रको लागि तयार गरिएको सर्भे लाईन सहितको नक्सा उपलब्ध गराउने छ। र सो नक्सामा उल्लेखित क्षेत्रमा IEE प्रतिवेदन अनुसारको परिमाणको मात्र नदिजन्य पदार्थ उत्खनन् गर्नु पर्ने छ।

२५. सम्झौता अवधी समाप्त भएपछी कार्यालयले पुन उत्खनन् क्षेत्रको सर्भे गर्नेछ, उत्खनन् गरिएको क्षेत्रमा सम्झौतामा तोकिएको परिमाण भन्दा बढी उत्खनन् गरिएको पाईएमा कानुन बमोजिम कारवाहीका लागि सिफारिस गरिनेछ।

२६. स्वीकृत बोलपत्र दाताले नदीजन्य पदार्थ उत्खनन् कार्यका लागि कार्यालय सँग सम्झौता भए पश्चात IEE प्रतिवेदनले तोकेको दैनिक उत्खननको परिमाणको प्रतिवेदन अनिवार्य रुपमा कार्यालयमा उपलब्ध गराउनु पर्ने छ। प्रतिवेदनको आधारमा कार्यालयले नियमानुसार उत्खनन् कार्यको अनुगमन गर्नेछ।

२७. स्वीकृत बोलपत्र दाताले कार्यालयबाट प्रमाणित गराईएको बिल मात्र प्रयोग गर्नु पर्नेछ। अनुगमनका क्रममा नक्कली बिल प्रयोग भए वा गरेको पाईएमा आवश्यक कारवाही गरिनेछ।

२८. अन्य व्यावस्था प्रचलित कानून बमोजिम हुनेछ।

Scanned with CamScanner